# आर्थिक वर्ष २०७५/०७६ को

# नीति,बजेट तथा कार्यक्रम

## रघुगंगा गाउँपालिका

## गाउँकार्यपालिकाको कार्यालय

## मौवाफाँट,म्याग्दी जिल्ला

## प्रदेश नं.४,नेपाल,२०७५

## विषय - सूचि

### खण्ड १ परिचय

१.१ स्थानीय तहको परिचय

१.२ विद्यमान अवस्थाको समीक्षा

१.२.१ सबल पक्ष

१.२.२ कमजोर पक्ष

१.२.३ अवसर

१.२.४ चुनौती

१.३ बार्षिक नीति,वजेट तथा कार्यक्रम तर्जुमाका लागि अवलम्बन गरिएको पद्धति

१.४ आयोजना प्राथमिकिकरणका आधारहरु

### खण्ड २ चालु आ.व. २०७४/०७५ को समीक्षा

२.१  स्थानीय तह गठन पश्चात सम्पन्न कार्यक्रमको समीक्षा

### खण्ड ३ आगामी आ.व. २०७५/०७६ को नीति, बजेट तथा कार्यक्रम

३.१ सोंच

३.२ लक्ष्य

३.३ उद्धेश्य

३.४ अपेक्षित उपलब्धि

३.५ वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा गर्दा अवलम्बन गरिएका प्रमुख नीति तथा आधारहरु

३.५.१ समग्र नीति तथा आधारहरु

३.५.२ क्षेत्रगत नीति तथा आधारहरुः

(क) आर्थिक क्षेत्र

(ख) सामाजिक क्षेत्र

(ग) पूर्वाधार क्षेत्र

(घ) वातावरण तथा विपद व्यवस्थापन

(ङ) संस्थागत विकास र सेवा प्रवाह

(च) वित्तिय व्यवस्था र सुशासन

(छ) प्रशासनिक खर्च तथा कार्यालय संचालन

३.६ मुख्य मुख्य आयोजना र क्रियाकलापहरु

३.७ माग गरिने आयोजनाहरु तथा कार्यक्रमहरु

३.८ अनुमानित आय व्यय विवरण

## खण्ड ४ अनुसुचिहरु

अनुसूचि १ आय व्ययको विवरण

अनुसूचि २ राजस्व तथा अनुदान प्राप्तिको अनुमान

अनुसूचि ३ व्यय अनुमान

अनुसूचि ४ क्षेत्रगत व्यय अनुमान

अनुसूचि ५ वार्षिक कार्यक्रम कार्यान्वयन कार्ययोजना

अनुसूचि ६ क्रियाकलाप गत व्यय अनुमान

अनुसुचि ७ गैससका कार्यक्रमहरु

## १ विद्यमान अवस्थाको समीक्षा

### १.१.१ सबल पक्ष

- गाउँपालिकाको सडक संजाल सवै वडाहरुमा विकास हुने क्रममा रहेको ।
- कृषकहरुको सक्रियतामा व्यावसायीकरणको लागि कृषिमा लगाव रहेको ।
- धार्मिक तथा कृषि पर्यटनको लागि पर्याप्त संभावना भएको ।
- खुला दिसामुक्त जिल्ला घोषणा भैसकेपछि गाउँपालिकालाई पूर्ण सरसफाई युक्त गाउँपालिका निर्माण गर्ने विभिन्न कार्यक्रमहरु संचालन गर्ने तयारी भैरहेको छ ।
- गाउँपालिकामा ब्यवस्थित फोहोरमैला व्यवस्थापनका कार्यहरु संचालन गर्ने र सोका लागि डम्पिङ साइटको जग्गाको ब्यवस्थापन तथा साझेदार संस्थाको खोजि भैरहेको छ ।
- पूर्ण साक्षरयुक्त जिल्ला घोषणा भई सकेको वर्तमान अवस्थामा यसलाई निरन्तता दिन समुदायस्तरमा सामुदायिक सुचना तथा साक्षर केन्दको विस्तार गरिने छ ।
- प्राकृतिक श्रोत साधनहरुको प्रचुरमात्रामा उपयोग गरी गाउँपालिकाको आर्थिक क्षेत्रमा अभिबृद्धि ल्याउन सकिने ।
- विकासका पूर्वाधारहरुको विस्तार गरी स्थानीय जनताहरुको सार्वजनिक सेवा प्रवाहमा सहजता हुने अवस्था रहेको ।
- वस्तीहरुको विकास भैरहेकोले यसका लागि व्यवस्थित वसोवासका लागि भवन मापदण्ड,नक्सा पास प्रक्रिया अगाडि वढिरहेको छ ।
- एक गाउँ एक उत्पादन मार्फत पकेट क्षेत्रहरुको रुपमा विकास गर्न सकिने अवस्था रहेको ।
- खानी तथा प्राकृतिक श्रोत साधनहरुको उत्खननका लागि अन्य निकायसग समन्वय गरी संचालनका लागि पहल भैरहेको ।
- जडिवुटिजन्य उद्योग तथा उत्पादनको पर्याप्त संभावना रहेकोले सोका लागि अन्ययन भैरहेको ।
- स्थानीय मौलिक कला संस्कृतिको प्रवर्द्धन र विकास मार्फत जनताहरुको दिगो विकासका लागि आधार तयार गर्न सकिने ।
- होटल व्यवसाय, रिसोर्टहरुको संचालन तथा साहसिक पर्यटनका लागि पर्याप्त ठाउँहरु रहेको ।
- विभिन्न नदी तथा खोलाहरुको पानीवाट विद्युत उत्पादन कार्य भैरहेको अवस्था छ ।
- पशुजन्य उत्पादनहरुको राम्रो संभाव्यता रहेको अवस्था छ ।

- आन्तरिक आयको क्षेत्रहरुको राम्रो संभावना रहेकोले साझेदार संस्थाहरुको खाजि भैरहेको छ ।

## १.१.२ कमजोर पक्ष

- भौगोलिक विकटता
- सामाजिक तथा आर्थिक विपन्नता
- आन्तरीक श्रोतको न्यूनता
- वेरोजगारी तथा अर्ध वेरोजगारी अवस्था
- सडक तथा यातायात पहुंचको कमी
- स्वास्थ्य तथा सरसफाई सम्वन्धी चेतनाको कमी
- लैंगीक विभेदीकरण
- आधारभुत पूर्वाधारको कमी
- प्राविधिक जनशक्तिको कमी
- संस्थागत क्षमताको कमी
- प्राविधिक तथा मानविय संसाधनको उपयोगमा कमी
- विकासमा निजीक्षेत्रको न्युन सहभागिता
- जनसहभागिता जुटाउन कठीन
- पुरातनवादी सोच ।

## १.१.३ अवसर/चुनौतिहरु

- उपलव्ध स्रोत परिचालन तथा व्यवस्थापन
- मागको आधारमा विद्युत सेवाको विस्तार
- विकासमा लागत जनसहभागिता प्रवर्द्धन
- साक्षरता स्तरमा अभिबृद्धि
- महिला सशक्तिकरण तथा मुलप्रवाहिकरण
- कृषि तथा पशुजन्य वस्तुहरूको व्यवसायिकरण, विविधिकरण, बजारीकरण
- पर्यटन पूर्वाधार विकास तथा पर्वद्धनको उपलब्धता
- उपलव्ध जडीवुटीजन्य वन पैदावारको अनुसन्धान, उत्पादन तथा प्रशोधनका लागि अवसर
- कृषि तथा पशु क्षेत्रको विकास एवं व्यवसायिकरण

- वन जंगल तथा जडीवुटीजन्य गैरकाष्ठ वन पैदावारको उपयोग
- फलफूल खेतीका लागि उपयुक्त भौगोलिक स्थिति हावापानी र माटो
- माहुरीपालनको राम्रो सम्भाव्यता
- भौगोलिक विविधता अनुसार पशुपालनको राम्रो सम्भावना
- स्थानीय कच्चा पदार्थ आधारीत साना तथा घरेलु उद्योग विकासको राम्रो सम्भावना
- प्रकृती र संस्कृतिको  पर्यटकिय क्षेत्रकोरूपमा विकास गर्न सकिने स्थिति
- खानी उद्योग संचालनकोलागि पर्याप्त संम्भावना
- सहकारीताको माध्यमबाट सामाजिक तथा आर्थिक विकास गर्न सकिने सम्भावना ।

## १.२ अवलम्बन गरिएको पद्धति

कुनै पनि आयोजना कार्यान्वयन गर्दा न्यूतनम १५ प्रतिशत उपभोक्तावाट लागत सहभागिता हुने गरी कुनै पनि योजना तथा कार्यक्रम संचालन गर्ने पद्धति अबलम्बन गरिनेछ । योजना तर्जुमा गर्दा सहभागितामूलक पद्धतिको अनुसरण गरिएको छ । सर्वदलिय,सर्वपक्षिय रुपमा नागरिकहरुवाट सुझावहरु लिई कार्यक्रमहरुलाई उपलब्ध श्रोत साधनहरु तथा राजस्वको अनुमान गरी वजेट सीमा निर्धारण गरी कार्यक्रम वजेट तर्जुमा समितिले स्वीकृत गरेपछि पेश भएको कार्यक्रमलाई गाउँकार्यपालिकाले अनुमोदन गरी गाउँसभामा पठाइ स्वीकृति पछि कार्यान्वयन गरिनेछ ।

## १.३ अवलम्बन गरिएका मार्गदर्शनहरु

- नेपालको संविधान २०७२
- स्थानीय सरकार संचालन ऐन २०७४
- राष्ट्रिय प्राकृतिक श्रोत आयोग  ऐन २०७४
- रघुगंगा गाउँपालिको प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन २०७५
- रघुगंगा गाउँपालिको आर्थिक कार्य विधि व्यवस्थित गर्ने बनेको ऐन २०७५
- रघुगंगा गाउँपालिकाको सहकारी ऐन २०७५
- रघुगंगा गाउँपालिकाको न्यायिक समितिको उजुरी किनारा गर्ने व्यवस्थित गर्न बनेको कार्यविधि ऐन २०७५
- रघुगंगा गाउँपालिकाको कृषि व्यवसाय प्रवर्द्धन बनेको ऐन २०७५

- रघुगंगा गाउँपालिकाको विपद जोखिम तथा व्यवस्थापन गर्ने बनेको ऐन २०७५
- गाउँ सभा संचालन कार्यविधि ०७५
- गाउँपालिकाको बजार अनुगमन निर्देशिका०७५
- घ वर्गको निर्माण व्यवसायी ईजाजतपत्र सम्बन्धी कार्यविधि ०७५
- गाउँपालिकामा प्राविधिक कर्मचारी व्यवस्थापन सम्बन्धि कार्यविधि ०७५
- गाउँपालिकाको योजना तर्जुमा दिग्दर्शन ०७५
- गाउँपालिकाका उपभोक्ता समिति गठन कार्यविधि ०७५
- गाउँपालिकामा संचालन गरिने मेला तथा महोत्सवको व्यवस्थापन गर्नेकार्यविधि २०७५
- रघुगंगा गाउँपालिकावाट पारित निर्णय आदेश र अधिकारपत्रको प्रमाणिकरण कार्यविधि नियमावली २०७४,
- रघुगंगा गाउँपालिकावाट पारित स्थानीय तहको वैठक संचालन कार्यविधि २०७४,
- रघुगंगा गाउँपालिकावाट पारित गाउँपालिकाको (कार्यसम्पादन) नियमावली २०७४,
- रघुगंगा गाउँपालिकावाट पारित गाउँपालिकाको (कार्यविभाजन) नियमावली २०७४,
- स्थानीय तहको आर्थिक वजेट तर्जुमा तथा सम्पत्ति हस्तान्तरण निर्देशिका २०७४,
- चौधौ योजना,
- नेपाल सरकारका आवधिक,वार्षिक तथा क्षेत्रगत नीति तथा कार्यक्रमहरु,
- सहभागितात्मक र समावेशी योजना तर्जुमा प्रक्रियाद्धारा वडा समितिवाट प्राथमिकिकरण भई आएका योजना तथा कार्यक्रमहरु,
- आ.व.२०७५।०७६को संघीय तथा प्रदेश सरकारको वजेटले निर्दिष्ट गरेका नीति,योजना र कार्यक्रमहरु,
- संघीय तथा अन्य विभिन्न निकायहरुवाट प्राप्त निर्देशिका,परिपत्र तथा मार्गदर्शनहरु ।
- दिगो विकासका लक्ष्यले निर्धारण गरेका प्रतिवद्धताहरु ।

## चालु आर्थिक वर्ष २०७४।०७५ मा रघुगंगा गाउँपालिकाले सम्पादन गरेका महत्वपूर्ण कार्यहरु

१) गाउँपालिकाले १३ वटा आवश्यक कानुनहरु तर्जुमा गरी कार्यान्वयन गरि सेवा प्रवाहलाई सहज वनाइएको छ ।

२) गाउँपालिका भित्र निर्माण गरिने भवन निर्माणका लागि सडक मापदण्ड तोकी नक्सापास प्रक्रियालाई शुरुवात गरिएको छ ।

३) वडा नं.५,६,८ र ७ लाई लक्षित गरी हप्ताको एकपटक घुम्ती सेवाको संचालन गरिएको छ ।

४) जनप्रतिनिधिहरु तथा कर्मचारीहरुका लागि क्षमता अभिवृद्धिका तालिम एवं अवलोकन भ्रमणहरु संचालन गरी कार्यक्षमतामा निखारता ल्याउने प्रयास गरिएको छ ।

५) एक गाउँ एक उत्पादन कार्यक्रममार्फत सवै वडाहरुमा विविध व्यवसायहरुको आरम्भ भएको छ ।

६) गाउँपालिकाको सभाहललाई मर्मत गरी संचालन योग्य वनाइएको छ ।

७) गाउँकार्यपालिका तथा सवै वडा कार्यालयहरुमा उजुरी पेटिकाको व्यवस्था गरि जनताहरुका गुनासाहरुको सुनुवाईको व्यवस्था गरिएको छ ।

८) गाउँकार्यपालिकाको वेभसाइटलाई आइ.टि. अफिसरमार्फत व्यवस्थित गराइ कार्यालयका गतिविधिहरुलाई सार्वजनिकीकरण गर्ने गरिएको छ ।

९) योजना तथा कार्यक्रमहरुको अनुगमन तथा सार्वजनिक सुनुवाई गरी आवश्यक सुधारका उपायहरुलाई अवलम्बन गर्ने प्रयास भएको छ ।

१०) ग्रामिण वडामा रहेका कच्ची सडकहरु खोल्ने तथा स्तरोन्नती गरिएको छ ।

११) सम्पूर्ण वडाहरुमा वडा समिति कार्यालयको स्थापना गरी सेवा प्रवाह भैरहेको गरिएको छ ।

१२)बालमैत्री, वातावरणमैत्री,महिलामैत्री, अपांगमैत्री जस्ता कार्यक्रमहरुलाई प्राथमिकताका साथ अगाडी बढाइएको छ ।

१३) स्वच्छ खानेपानी आपूर्तिलाई प्राथमिकतामा राखी विभिन्न कार्यक्रम संचालन गरिएको छ

१४) गाउँको शैक्षिक गुणस्तर बृद्धिमा सहयोग पुर्‍याउने गरी कार्यक्रमहरु संचालन गरिएको छ

१५) विषेश गरी लक्षित वर्गहरु अल्पसंख्यक,दलित,महिला, विपन्न वर्गलाई व्यवसायमुलक विविध आय वृद्धि तथा शसक्तिकरण कार्यक्रम संचालन गरिएको छ ।

१६) गाउँकार्यपालिकाको कार्यालयमा वैकल्पिक विद्युतका लागि सोलार जडान गरी इन्टरनेटसहितको व्यवस्थापन गरि सेवा प्रवाह गर्ने कार्य भैरहेको छ भने विभिन्न वडा कार्यालयलाई मर्मत सुधार गरिएको छ।

१७) गाउँपालिका कार्यालय तथा वडाकार्यालयका लागि भवनहरुको मर्मत तथा आवश्यक भौतिक साधनहरुको व्यवस्थापन गरिएको छ।

१८) सामाजिक सुरक्षा भत्ता वैकिङ्ग प्रणालीमार्फत वितरणको व्यवस्था गरिएको छ भने घटना दर्तालाई अनलाइनमार्फत व्यवस्थित गरिएको छ।

१९) आयोजना कार्यान्वयन गर्दा जनसहभागिता १० प्रतिशत अनिवार्य गर्ने नीति लिई कामका आधारमा भुक्तानी प्रणाली अवलम्बन गरी रकम निकासी खर्च प्रणालीलाई पारदर्शी वनाउने प्रयास गरिएको छ।

१३) सुशासन प्रवर्द्धनका लागि सूचना अधिकारी,गुनासो सुन्ने अधिकारी तोकीएको छ भने नागरिक वडापत्र तथा उजुरी पेटिकाको प्रवन्धको व्यवस्था भैरहेको छ।

१४) आयोजनाको भुक्तानी गर्दा सार्वजनिक जनलेखापरीक्षण, होर्डिङवोर्डको व्यवस्था,वडा कार्यालयको सिफारिस,आयोजनाका फोटाहरु,अनुगमन समितिको निर्णय तथा प्रतिवेदन,उपभोक्ता समितिमा समावेशिता, लागत अनुमान अनुसारको कार्य मूल्यांकन एवं कार्य सम्पन्न प्रतिवेदन लाई मुख्य आधार वनाइएको छ।

१५)आ.व.२०७४।०७५मा रघुगंगा गाउँपालिकाले साना ठूला पूर्वाधार, प्रर्वद्धनात्मक,सामुदायिक तथा जनसहभागितामूलक जस्ता विभिन्न कार्यक्रमहरु गरी जम्मा २५३ वटा आयोजनाहरु सम्पन्न भैसकेका छन्।

१६) गाउँकार्यपालिका कार्यालय लगायत वडाकार्यालयहरुमा सूचना अधिकारी, गुनासो सुन्ने अधिकारी तोकीएको तथा सार्वजनिक सुनुवाई जस्ता कार्यहरु गरी सुशासन ऐन तथा नियमावलीको परिपालना गरिएको छ ।

## खण्ड २ आगामी आ.व. २०७५/०७६ को नीति, वजेट तथा कार्यक्रम

**२.१ सोंचः** रोजगारी सृजना तथा दीगो विकास कार्यक्रमको लक्ष्यसहित गरिवि न्यूनिकरण गरी समृद्ध रघुगंगा गाउँपालिका निर्माण गर्ने ।

**२.२ लक्ष्यः** प्राकृतिक श्रोत साधन र मानवीय पूँजि परिचालन गरी आर्थिक सामाजिक पूर्वाधार र सांस्कृतिक एवं पर्यटकीय क्षेत्रको विकास गरी जनताको आयस्तर वृद्धि गर्ने ।

### २.३ उद्धेश्यहरु

- **आर्थिक विकास** तर्फ व्यवसायिक कृषि प्रणाली, उद्योग धन्दा एवं कलकारखानाहरु,आन्तरिक तथा वाह्य पर्यटन सम्बन्धि प्रवर्द्धनात्मक कार्यक्रमहरु अगाडी वढाउनुका साथै सहकारी एवं वित्तिय क्षेत्रहरुलाई यस तर्फ आकर्षित गरी गाउँपालिकावासीको आयस्तरमा वृद्धि हुने प्रकृतिका कार्यक्रमहरु संचालन गरिनेछ ।
- **सामाजिक विकास** अन्तर्गत शिक्षा,स्वास्थ्य, खानेपानी तथा सरसफाई जस्ता आधारभूत विषयलाई उच्च प्राथमिकतामा राख्दै हाम्रो लोक संस्कृति साहित्य एवं परम्परालाई जर्गेर्ना गर्नुका साथै युवा वर्गलाई उद्यमशीलता,खेलकुद एवं मनोरञ्जन तर्फ आकर्षित गरी विकासको मुल प्रवाहमा ल्याइने छ भने गाउँपालिकाका सवै गतिविधिहरुमा लैंगिक तथा सामाजिक समावेशीकरणलाई आधारमानी प्राथमिकताका साथ कार्यक्रमहरु संञ्चालन गरिनेछ ।
- **पूर्वाधार विकास** अन्तर्गत स्थानीय स्तरका सडक पुल पुलेसा, झोलुङ्गेपुल पक्की पुल एवं सिंचाई र संचार जस्ता कार्यक्रमहरुमा लगानी बढाई दीगो भौतिक विकासतर्फ गाउँपालिकालाई उन्मुख गराइने छ त्यसैगरी एउटा सुविधा सम्पन्न व्यवस्थित गाउँपालिकालाई विकास गर्न भवन निर्माण तथा शहरी विकास सम्वन्धी मापदण्डको मर्म र उद्येश्य विपरित नहुने गरी त्यसलाई वैज्ञानिक रुपमा परिमार्जन सहित प्रयोग गर्दै नयाँ वस्ती विकास सम्वन्धी कार्यक्रमहरु अगाडी बढाइनुका साथै निर्माणधीन आयोजनाहरु र स्थानीय सरोकारवालाहरु बीच समन्वय गराई निर्माण कार्यलाई प्रभावकारी रुपमा सूचारु गराइनुका साथै लघु तथा साना जलविद्युत

आयोजना र वैकल्पिक उर्जाको सम्भावनाहरुको खोजी गरी उर्जा संकट न्युनिकरण गर्ने तर्फ सम्बन्धित निकायसंग समन्वय गरी सम्भाव्यता अध्ययनका लागि पहल गरिने ।साथै सडक विस्तारलाई उच्च प्राथमिकता दिई अन्य खानेपानी,सिंचाई,भवन लगायतका कार्यहरु संचालन गर्ने ।सडक निर्माण गर्दा हरियाली प्रवर्द्धन मार्फत दिगो वातावरण संरक्षणलाई अगाढी वढाइनेछ ।

- **वातावरण तथा विपद व्यवस्थापन** अन्तर्गत वन तथा भुसंरक्षण, वातावरण संरक्षण एवं जलवायु परिवर्तन, फोहोरमैला तथा ढल व्यस्थापन, जल उत्पन्न प्रकोप नियन्त्रण सम्वन्धी विविध कार्यक्रमहरु संचालन गरिने छ भने विपद् व्यवस्थापनका लागि **गाउँपालिका विपद् जोखिम व्यवस्थापन तथा न्युनिकरण ऐन २०७५** अनुसार यस क्षेत्रमा योजनावद्ध तवरले निती तथा कार्यक्रम तय गरिने छ ।
- **संस्थागत विकास, सेवा प्रवाह** अन्तर्गत कार्यालयको नियमित कार्यहरु व्यक्तिगत घटना दर्ता गर्ने कार्य ,कार्यालयको अभिलेख व्यवस्थापन गर्ने कार्य,विविध क्षेत्रगत तथ्यांक संकलन गर्ने कार्य सूचना प्रविधिको प्रयोग एवं प्रवर्द्धन गर्नै जस्ता दैनिक सेवा प्रवाहसंग जोडिएका कार्यहरुलाई अत्यन्त वैज्ञानिक,सहज,सुलभ,पारदर्शी र सवैको पहुचंमा रहने गरी सुधार गर्दै त्यसलाई संस्थागत गराउदै लगिने छ भने गाउँको सुरक्षा व्यवस्था र अन्य विविध अनुसन्धान एवं विकासका सम्भावनाहरुलाई सम्बन्धित पक्षहरुसंग समन्वय गरी अगाडी बढाइनेछ । साथै विभिन्न सफ्टवेयरहरु मार्फत सेवा प्रवाह गर्नका लागि आवश्यक व्यवस्था गरिनेछ ।
- **वित्तिय व्यवस्थापन तथा सुशासन** अर्न्तगत आर्थिक कारोवारलाई व्यवस्थित तथा प्रभावकारी वनाउनका लागि मलेनिकाले जारी गरेको नयाँ  लेखाङ्कन संकेतको प्रयोग गरीनेछ । साथै राजस्व सुधार कार्ययोजना तयार पारी कार्यान्वयन गरिनेछ । सामाजिक परीक्षण,सार्वजनिक सुनुवाई,आन्तरि लेखा परीक्षण तथा अन्तिम लेखापरीक्षणवाट प्राप्त सुभावहरुलाई आवश्यक कार्यान्वयन गर्दे लगिनेछ । वित्तिय अनुशासन तथा जोखिम न्युनिकरणका उपायहरु अवलम्बन गरिनेछ ।
- **कार्यसंचालन र प्रशासनिक खर्च** अर्न्तगत राजस्व वाँडफाँड र आन्तरिक आय भन्दा वढी नहुने गरी खर्च व्यवस्थापन गर्ने नीति लिइनेछ ।

निर्धारित उद्धेश्यहरु पुरा गर्न निम्नानुसार निती /कार्यक्रम संचालन गरिनेछ ।

- वडागत रुपमा योजना तथा कार्यक्रम संचालनको अनुगमन गरी आवश्यक जनशक्ति आयोजना स्थलमा नै पुगी भुक्तानि दिने नीति लिइनेछ ।
- कार्यपालिकाको वैठक पालैपालो गरी वडा कार्यालयमा संचालन गरिनेछ ।

- उज्यालो ,सफा र हरित रघुगंगा गाउँपालिका वनाउने ।
- आगामी आर्थिक वर्षमा चौमासिक रुपमा अनुगमन,सार्वजनिक सुनुवाई तथा प्रगति समीक्षा कार्यक्रमहरु संचालन गर्ने नीति लिइनेछ ।
- गाउँकार्यपालिका कार्यालय,सामुदायिक विद्यालयहरु,सवै वडा कार्यालयहरुमा नागरिक वडापत्र तथा विद्युतिय हाजिरीको व्यवस्था गरिनेछ ।
- कार्यालयलाई नागरिकमैत्रि वनाउन नागरिक सहायता तथा सोधपुछ कक्षको व्यवस्था गरिनेछ ।
- सार्वजनिक खरिद ऐनअनुसारको खरिद गुरुयोजना तथा वार्षिक खरिद योजना तयार गरी कार्यान्वयन गरिनेछ ।
- गाउँपालिकाले गाउँपालिकाको वजार दररेट निर्धारण तथा गाउँपालिकाको खरिद नियमावली तयार पारी कार्यान्वयन गरिनेछ ।
- एकीकृत सम्पत्ति कर तथा भवन निर्माण मापदण्डलाई प्रभावकारी रुपमा कार्यान्वयनका लागि आवश्यक व्यवस्था गरिनेछ ।
- आर्थिक लेखांकन प्रणालीलाई व्यवस्थित पार्न नयाँ आर्थिक संकेत वर्गीकरण र व्याख्या सहितको सुत्र प्रणाली लागु गरिनेछ ।
- गाउँकार्यपालिकाका कर्मचारीहरु तथा जनप्रतिनिधिहरुलाई विभिन्न क्षमता अभिवृद्धिका कार्यक्रमहरु संचालन गरिनेछ ।
- समृद्ध गाउँपालिकाको शान, एक गाउँ एक उत्पादन हाम्रो पहिचानलाई कृषि तथा पशुक्षेत्रको विकासमा जोड दिइनेछ ।
- गाउँकार्यपालिका तथा सवै वडा कार्यालयहरुमा अनिवार्यरुपमा वडापत्र राखी सेवा प्रवाहमा सहजता ल्याइनेछ ।

- समृद्ध रघुगंगा गाउँपालिकाका आधारः कृषि,पर्यटन,सडक,खानेपानी,विद्युत,सिंचाई,उद्यमशिलता यसका पूर्वाधार नाराका साथ पूर्वाधार निर्माणलाई प्राथमिकताका साथ अगाडि बढाउने नीति लिइनेछ ।
- व्यवसायिक आधुनिक कृषि सम्बन्धी प्रबर्द्धनात्मक कार्यक्रमहरुलाई उच्च प्राथमिकतका साथ संचालन गरी गाउँपालिका लाई क्रमशः आत्म निर्भर गाउँपालिका को रुपमा स्थापित गर्दै लैजाने नीती अवलम्वन गरिने छ ।
- विभिन्न जातजाती ,भाषा ,धर्म र संस्कृतिको संरक्षण ,सम्बर्द्धन एवं जर्गेन गर्ने तथा त्यसको व्यासायीकरण गर्ने उद्धेश्यले सम्भावित समुदाय एवं वस्तीहरुमा होमस्टेहरु संचालन गर्न सहयोग गरी आन्तरिक तथा वाह्य पर्यटनहरु आकर्षक गर्ने नीती अवलम्वन गरिनेछ ।
- गाउँपालिका क्षेत्रभित्रका सम्पुर्ण वडाहरुमा शुद्ध ,स्वच्छ एवं सफा खानेपानी आपुर्ति गर्ने कार्यलाई प्राथमिकतामा राखी आवश्यक व्यवस्था मिलाइनेछ ।
- सामाजिक सुरक्षा भत्ता वितरण कार्यलाई सहज तुल्याउन जेष्ठ नागरिक ,अपांग ,विधवा एवं लोपोन्मुख आदीवासी र दलित बालवालिका भत्तालाई वडा कार्यालयवाट नै वितरण गर्ने व्यवस्था मिलाइने छ ।
- गाउँपालिका वैकिङ सुविधासहित आवश्यक सुरक्षा व्यवस्था मिलाइनेछ ।
- गाउँपालिकाका विभिन्न वडाहरुमा नयाँ निर्माण तथा भएका पार्कहरुको निर्माण ,संरक्षण एवं संवर्द्धनको आवश्यक व्यवस्था मिलाइने छ ।
- वातावरणीय सन्तुलन कायम राख्न गाउँपालिका लाई वातावरणमैत्री गराउने गरी विकास निर्माणका कार्यक्रमहरु संचालन गर्दा यस तर्फ अत्यन्त सजगता अपनाइने छ भने यसै वर्ष उपयुक्त सार्वजनिक स्थानमा बृक्षारोपण गरी सोको संरक्षण र सम्बर्द्धन गरिनेछ । सवै धार्मिक एवं ऐतिहासिक महत्वका क्षेत्रहरुको पहिचान गरी तिनीहरुको उचित संरक्षण ,सम्वर्द्धनको व्यवस्था मिलाइनेछ ।
- आन्तरिक आय तथा राजस्वका दायराहरुलाई फराकिलो पार्न राजस्व संभाव्यता अध्ययन गरीनेछ ।
- पर्यटन विकासका पर्याप्त संभावनाहरुको पहिचान गरी पर्यटन गुरुयोजनाले मार्गनिर्देश गरेका योजनाहरुलाई उच्च प्राथमितामा राखी कार्यान्वयन गरिनेछ ।

- कार्यालयको दैनिक सेवा प्रवाह एवं प्रशासनिक कार्यहरु कम्प्युटकृत समेत गरी त्यस्ता कार्यहरुलाई सरल,सहज,सुलभ र पारदर्शी गराई सुशासनको प्रत्याभूति गराइने छ ।
- हाल गाउँपालिका क्षेत्रमा अस्थायी रुपमा गाडिएका काठका पोलहरु विस्तापित गरी स्टिल तथा कंक्रिट पोल राखी विद्युत सेवालाई सुरक्षित एवं भरपर्दो बनाउन सम्बन्धित पक्षसंग समन्वय गरी कार्य योजना बनाइ लागु गरिने छ ।
- गाउँपालिका अन्तर्गतका नदी तथा खोलाहरुको सफाई अभियानलाई कार्य योजना बनाई लागु गरिने छ ।
- उपभोक्ता समितिमा जनप्रतिनिधिहरु,शिक्षक,कर्मचारी लगायत सार्वजनिक लाभको पदमा रहेको कुनै पनि पदाधिकारी सदस्य हुन नपाउने गरी आवश्यक व्यवस्था गरिनेछ ।
- महिला हिंसालाई अन्त गरी कानुनी शासनको प्रत्याभुति महशुस गराउन आवश्यक सहयोग पुर्याइनेछ ।
- सेवा प्रवाहलाई पुर्ण रुपमा विद्युतिय शासन प्रणाली (E GOVERANCE )मा आधारित बनाई नागरिकमैत्री बनाइनेछ ।
- सार्वजनिक निजी साझेदारी नीती (PPP Model) अन्तर्गत केही नमुना कार्यक्रमहरु छनौट गरी कार्यान्वयनको प्रकृया अगाडी बढाउन पहल गरिनेछ ।
- फोहरमैलाको दिगो रुपमा व्यवस्थापनको लागि फोहरमैलालाई श्रोतमानै घटाउने नीती अवलम्बन गर्दै Zero waste management को सिद्धान्तमा आधारित रही कार्यक्रमहरु तय गरिने छ जस  अनुसार घरघरवाट दैनिक रुपमा उत्पादन हुने फोहरमैलालाई सम्वन्धित घरधनी कै सहयोग र सहभागितामा वर्गीकरण गर्ने र वर्गीकरणवाट छुट्याएको सड्ने फोहरबाट प्राङ्गगारिक मल उत्पादन गर्ने सम्वन्धी कार्यलाई प्राथमिकतामा राखिएको छ ।
- उर्जाको संकटलाई न्युनिकरण गर्ने उद्धेश्यले विद्युत आपुर्तिको विकल्पको रुपमा सौर्य उर्जा प्रवर्द्धन कार्यक्रमलाई स्थानीय टोलमा विकास संस्था र सम्वन्धीत निकाय सग समन्वय एवं सहकार्य गरी प्रभावकारी रुपमा उच्च प्राथमिकताका साथ संचालन गरिनेछ  ।
- धार्मिक ,साहित्यक, ऐतिहासिक ,सांस्कृतिक र प्राकृतिक क्षेत्र समेत समेटेर गाउँपालिकाको पर्यटन गुरु योजना बमोजिम छिमेकी गाउँपालिका र

नगरपालिकाहरुसंगको आपसी पर्यटकीय सम्वन्धलाई समेत स्थापित गर्ने गरी कार्यक्रमहरु गरिने छ ।

- विगतमा झै यस वर्षपनि महिला, बालबालिका, आदीवासी जनजाती, दलित, जेष्ठ नागरिक, अपांगता, मुस्लिम, अल्पसंख्यक आदिको लागि आवश्यक बजेट व्यवस्था मार्फत सम्बन्धीत कार्यक्रममा विनियोजन गरी सम्बन्धित पक्षहरुवाट पहिचान भै आएका आवश्यकताहरुका आधारमा सहभागितामुलक ढंगमा कार्यक्रमहरु संचालन गरिनेछ ।
- जनसहभागीतामा आधारित योजनाहरुलाई उच्च प्राथमिकता दिइने छ । साथै पिछडिएको क्षेत्र वर्ग र समुदायमा स्थानीय जनसहभनगीतालाई लचिलो नीति अवलम्बन गरी समानुपातिक विकासको अवधारणलाई वढावा दिइने छ ।
- प्रत्येक वडामा क्रमिक रुपमा वडा कार्यालय भवन निर्माण मर्मत गरी वडा कार्यालयहरुवाट प्रदान गरिने सेवा प्रवाहलाई अझ प्रभावकारी एवं गुणस्तरीय वनाइने छ ।
- कृषि व्यवसायको व्यवसायिक प्रवर्द्धनको लागि योजनावद्ध तरिकाले यसका आधारहरु तयार पारी विशेष प्राथमिकताका साथ कृषि क्षेत्रको योजना तयार गरिने छ ।
- गाउँपालिका क्षेत्रभित्रको सार्वजनिक जग्गा यकिन गरी संरक्षण गर्ने तथा त्यस्ता जग्गाहरु र यस अगाडी विभिन्न वडाहरुमा निर्माण भएका सामुदायिक भवनहरुलाई गाउँपालिकाको स्वामित्वमा ल्याई सोको उचित प्रयोग एवं संरक्षण गर्नेतर्फ कार्यक्रम अगाडी बढाइने छ ।
- गाउँपालिकाद्धारा सम्पादित नियमित तथा विकास निर्माण सम्वन्धी गतिविधिहरुलाइ पत्रपत्रिका ,रेडियो कार्यक्रम तथम वेवसाइट मार्फत प्रकाशन तथा प्रशारण गरी सवै जनमुदायलाई सुसूचित गरिने छ ।
- वडाहरुमा रहेका टोल विकास संस्थाहरुको पुर्नगठन एवं नयाँ गाभिन आएका वडाहरुमा भूगोल र जनसंख्याको आधारमा वैज्ञानिक तवरले टोल विकास संस्थाहरु गठन गरी तिनीहरुलाई वडाको सरसफाई ,सामाजिक विकास र विकास निर्माणका अन्य गतिविधिहरुमा परिचालन गरिने छ ।

- विकास निर्माण र वजेट तथा कार्यक्रम वितरण प्रणालीलाई भूगोल र जनसंख्या समेतलाई मध्येनजर गरी समानुपातिक एवं समन्यायी सिद्धान्तको आधारमा वितरण गर्ने नीती अवलम्वन गरिने छ ।
- आयोजना संचालन गर्दा उपभोक्ता समितिहरुको लागत सहभागितालाई कम्तीमा १५प्रतिशत हुने गरी अनिवार्य गरिनेछ । उपभोक्ता समितिहरुले योजना संचालनका लागि गाउँपालिकाले तोकेको कार्यक्रम संचालनको शर्त र ढाँचामा रही काम गर्नुपर्ने निति लिइनेछ ।
- गाउँपालिका भित्रका सार्वजनिक महत्वका भवन ,पार्क र अन्य भौतिक संरचनाहरुको निर्माणमा अनिवार्यरुपमा अपाङ्गता मैत्री बनाउन आवश्यक प्रकृयाको थालनी गरिनेछ ।
- राज्यको चौथो अंग भनेर चिनिने संचार जगतलाई व्यवस्थित रुपमा प्रवर्द्धन गर्न पत्रकारीता क्षेत्रको संस्थागत विकासमा टेवा पुर्‍याइने छ ।
- सम्भावित प्राकृतिक प्रकोप एवं विपदको आपतकालिन अवस्थालाई मध्यनजर गरी विपद व्यवस्थापन कार्यक्रमहरु संचालन गरिने छ ।
- कर्मचारीहरुको क्षमता विकास तथा गाउँपालिकाको आवश्यकता अनुसार उनीहरुको क्षमता एवं दक्षता उपयोग गर्ने नीती अवलम्वन गरिने छ । जस अनुसार वडा समिति कार्यालयमा पूर्णरुपमा जनशक्ती व्यवस्थापन गरिनेछ भने विषेश गरी गाउपालिकाको सुरक्षा र अनुगमन तथा नियमन प्रकृियालाई प्रभावकारी गराउन सामुदायिक प्रहरी तथा गाउँप्रहरीहरुको व्यवस्थापन गर्ने कार्यलाई उच्च प्राथमिकतामा अगाडी बढाइने छ ।
- भवन निर्माण मापदण्ड २०७२ को मर्म र उद्धेश्य विपरित नहुने गरी यस गाउँपालिकाको भूगोल ,वस्ती विकासको अवस्था एवं स्थानीयस्तरका समस्या र घरहरुको विस्तारको गतिलाई मध्यनजर गर्दै सम्पूर्ण समस्याहरुको सम्वोधन हुने गरी वस्तुनिष्ठ  भवन निर्माण सम्वन्धी मापदण्ड तयार गरी कार्यान्वयनमा ल्याइनेछ ।
- जेष्ठ नागरिकहरुको परामर्शमा उनीहरुलाई नै लक्षित गरी उनीहरुको आत्म सम्मान र भलो हुने प्रकृतिका कल्याणकारी कार्यक्रमहरु अगाडी बढाइने छ ।

- गाउँपालिकाको गौरवको आयोजनाको रुपमा रहेको दग्नाम दर्मिजा चिमखोला सडकलाई समयमै निर्माण सम्पन्न गर्नको लागि अजिङ्गर भीरको वाटो खोल्नका लागि सरोकारवालाहरुसग समन्वय र सहयोगमा गाउँपालिकाले पहल गर्नेछ ।
- गाउँपालिका क्षेत्रमा रहेका सामुदायिक वन उपभोक्ता समुहहरु संग सहकार्य गरी त्यस भित्र रहेका चुनौतीहरु व्यवस्थापन गर्न सामुदायिक वनहरुको वैज्ञानिक वार्षिक कार्ययोजना तयार गरी व्यवस्थित गरिनेछ ।
- गाउँपालिका सहकारी संजाल निर्माण गरी संजालसंगको समन्वय र साझेदारीमा यस सम्वन्धी विभिन्न कार्यक्रमहरु संचालन गरिनेछ ।
- वालवालिकाहरुको विकासका लागि वालमैत्री स्थानीय शासनका आवश्यक कार्यहरु संचालन गरिनेछ ।
- अपाङ्ग,दलित लगायतका लक्षित वर्गका जनताहरुका लागि विषेश कार्यक्रमहरु संचालन गरिनेछ ।
- आन्तरिक आयका संभाव्य क्षेत्रहरुको पहिचानलाई उच्च प्राथमिकता दिई आवश्यक समन्वय गरिनेछ ।साथै खानीजन्य एवं प्राकृतिक श्रोतहरुको गाउँपालिकाले अधिकतम उपयोग गर्न आवश्यक व्यवस्था गरिनेछ ।

## २.४ अपेक्षित उपलब्धि:

क) आर्थिक क्षेत्रतर्फ उत्पादन,आयआर्जन, आन्तरिक कार्यक्षमतामा वढोत्तरी हुनेछ ।

ख) सामाजिक क्षेत्रतर्फ समानतामूलक समाजको विकास भई जातिय,भाषिक,लैङ्गिक र वर्गीय विभेदको अन्त्य भएको हुनेछ ।

ग) पूर्वाधारहरुको संरचना तयार भई रोजगारी,आयआर्जन तथा क्रयशक्तिमा वृद्धि भई सार्वजनिक क्षेत्रहरुमा सहजता आउनेछ ।

घ) सार्वजनिक सेवा प्रवाहमा नयाँ प्रविधि अवलम्बन गरी सुशासनयुक्त प्रशासनिक संरचना तयार भएको हुनेछ ।

ङ) उपलब्ध श्रोतसाधनहरुको परिचालन गरी दीगो विकासका लक्ष्य हासिलमा सहयोग पुग्नेछ ।

च) सुशासनयुक्त सेवाप्रवाह भएको हुनेछ ।

## २.५.१ समग्र नीति तथा आधारहरु:

**आयोजना /कार्यक्रम प्राथमिकिरणका आधारहरु :**

- आर्थिक विकास र गरिवि निवारणमा प्रत्यक्षयोगदान पुर्याउने,
- उत्पादनमुलक र छिटो प्रतिफल दिने (ठुला आयोजनाहरुको हकमा बढिमा ३ वर्ष भित्र सम्पन्न हुने)
- राज्वस्व परिचालनमा योगदान पुर्याउने,
- सेवा प्रवाह,संस्थागत आधारित भई जनसहभागिताका अभिवृद्धि गर्ने,
- लैंगिक समानता,सामाजिक समावेशिकरणको अभिवृद्धी हुने,
- दिगो विकास,वातावरण संरक्षण र विपद व्यवस्थापनमा योग्दान पुर्याउने,
- समुदायलाई विपद तथा जलवायु परिवर्तन उत्थानशिल बनाउने,
- स्थान विशेषको संस्कृति र पहिचान प्रवर्द्धन गर्ने ।

**योजना तर्जुमाका आधारहरु :**

- नेपालको संविधानको अनुसुची ८ र ९ मा उल्लेखित स्थानिय तहको एकल तथा साझा अधिकारको सुचि,
- नेपालको संविधानमा उल्लेखित मौलिक हकहरु
- नेपालको संविधान भाग ४ अन्तर्गतका साज्यका आर्थिक,सामाजिक विकास,प्राकृतिक स्रोतको उपयोग,वातावरण संरक्षण सम्बन्धी नीतिहरु धारा ५९ को आर्थिक अधिकार,भाग १९ को आर्थिक कार्य प्रणाली,
- स्थानिय सरकार संचालन ऐन २०७४ ले निर्देशित गरेका व्यवस्थाहरु ।
- नेपाल सरकार बाट स्वीकृत संघ,प्रदेश रस्थानीय तहको कार्य वृस्तितिकरणको प्रतिवेदन,
- संघिय तथा प्रदेश सरकारले अंगिकार गरेको आवधिक योजनाले लिएका नीति तथा प्रामिकताहरु,
- संघीय सरकारले अवलम्बन गरेमा आर्थिक तथा वित्तिय नीतिहरु
- स्थानीय तहको गुरु योजनाले तय गरेका प्रामिकताहरु,
- नेपालले अन्तरराष्टिय जगतमा जनाएका प्रतिवद्धतहरु,

- स्थानिय शासन संचालन ऐन र नियमावलीका प्रावधानहरु
- स्थानीय तहका आवधिक योजनाहरु,क्षेत्रगत नीति,रणनिति,योजना तथा अध्ययन प्रतिवेदनहरु
- विकासका समसामयिक मुद्दाहरु जस्तै सामाजिक संरक्षण,दिगो विकास,जलवायु परिवर्तन र विपद व्यवस्थापन,खाद्ध तथा पोषण सुरक्षा,लैंगिक सशक्तिकरण तथा समावेशी विकास,वालमैत्री स्थानिय शासन,वातावरण मैत्री स्थानिय शासन,खुला दिसामुक्त तथा पूर्ण सरसफाई,उर्जा संकट लगायतका अन्तरसम्बन्धित विषयहरु
- स्थानिय तहको निर्णय अनुश्रप प्राथमिकता परेका कार्यक्रमहरु

**आयोजना /कार्यक्रम प्राथमिकिकरणका आधारहरु :**

- आर्थिक विकास । गरिवि निवारणमा प्रत्यक्ष योगदान पुर्याउने
- उतपादन मुलक र छिटो प्रतिफल दिने (ठुला आयोजनाहरुको हकमा बढिमा ३ वर्ष भित्र सम्पन्न हुने)
- राजस्व परिचालनमा योगदान पुर्याउने
- सेवा प्रवाह, संस्थागत विकास र सुशासनमा योगदान पुर्याउने
- स्थानीय स्रोत साधनमा आधारति भई जनसहभागिताका अभिवृद्धी गर्ने
- लैंगिक समानता,सामाजिक समावेशीकरणको अभिवृद्धी हुने
- दिगो विकास,वातावरण संरक्षण र विपद व्यवस्थापनमा योगदान पुर्याउने
- समुदायलाई विपद तथा जलवायु परिवर्तन उत्थानशिल बनाउने
- स्थान विशेषको संस्कृति र पहिचान प्रवर्द्धन गर्ने ।

## २.५.२ क्षेत्रगत नीति तथा आधारहरु

गाउँपालिकाले आगामी आर्थिक वर्षका लागि विकास प्रयासहरुलाई मार्गदर्शन गर्न र स्रोत साधनहरुको उपयोगमा दिशानिर्देश गर्ने हेतुले यो नीति तथा कार्यक्रम तर्जुमा गरिएको छ । यसकै नीतिगत मार्गदर्शनमा आगामी आ.व. को वजेट तर्जुमा गरि विनियोजन गरिनेछ । जस अनुसार गाउँपालिकाले काम गर्नुपर्ने विभिन्न विषयगत क्षेत्रहरुमा निम्नानुसार नीति लिइने छ :

राजश्व तर्फ :

राजश्व तर्फ गत आ.व. मा लिइदै आएको विभिन्न शिर्षक अनुसारको दस्तुरहरु राजश्व परामर्श समितिको सिफारिसमा यस सम्मानित गाउँसभाबाट यस चालु आ.व.का लागि पारित भएका सबै कर, दस्तुर, सेवा शुल्क संकलन लाई जोड दिईने छ । आन्तरिक श्रोतलाई बृद्धि गर्न गाउँपालिका क्षेत्रभित्र सञ्चालित उद्योग,ब्यापार ब्यवसायलाई दर्ता गर्ने प्रक्रिया अगाडी बढाइने छ । बस्ती बिकास,शहरी योजना तथा भवन निर्माण सम्बन्धी आधारभूत मार्ग दर्शन २०७२ अनुसार रघुगंगा गाउँपालिका क्षेत्रमा निर्माण गरिने भवन निर्माणको नक्सा पाश गरी राजश्व संकलन गर्ने कार्य अगाडी बढाइनेछ । अन्य संभाबित श्रोतहरुको खोजी गरी गाउँपालिकाको आन्तरिक श्रोतमा बृद्धि गरिनेछ ।

- गाऊँपालिकाको राजश्व सुधार कार्ययोजना तर्जुमा गरिनेछ ।
- गाऊँपालिकामा कर संकलन गर्दा एकीकृत सम्पत्ति कर प्रणाली लागु गरिनेछ ।
- मुख्य राजश्वका स्रोतहरुः सम्पत्ति कर, घरनक्सा पास तथा अभिलेख दस्तुर, ब्यवसाय कर, बहाल विटौरी शुल्क, सम्पत्ति मूल्यांकन शुल्क, निवेदन दस्तुर को निर्धारण गरि सफ्टवेयर प्रणालीबाट असुली गर्ने ब्यवस्था मिलाइनेछ ।

आम जनतालाई कर तथा राजश्वको महत्वका वारेमा जनचेतना विस्तार गरिनेछ ।

कृषि तर्फ :

- एक गाउ एक उत्पादनको नीतिलाई कार्यान्वयन गरिनेछ।
- सार्वजनिक ऐलानी जग्गाहरुमा प्रत्येक वडामाा संरक्षणका लागि नर्सरी उत्पादन गर्दै जाने नीति लिइनेछ ।
- हरेक वडामा कृषि उपज संकलन केन्द्रको स्थापना गरिनेछ ।
- खाद्यान्न उत्पादनलाई प्रोत्साहन गर्न धान, मकै, गहुँ, र आलु उत्पादक किसानहरुलाई उत्पादन बृद्धि परिमाणको आधारमा प्रोत्साहन मूल्य सहायता प्रदान गरिने छ ।

- व्यवसायीक नगदेवालीलाई प्रबर्द्धन गर्न गाउँपालिका भित्रका बडाहरुमा उचाई र जमिनको प्रकृति अनुरुप गाउँपालिकाको विशेष पहिचानका लागि आलु, सिमि,कागती, सुन्तला र केरा *उत्पादन कार्यक्रम* प्राथमिकताकासाथ सञ्चालन गरिनेछ ।
- गाउँपालिका क्षेत्र भित्र घुम्ती कृषक पाठशालाको स्थापना गरी अगुवा कृषक तयार पारिने छ ।
- हरेक वडामा १/१ जना कृषि प्राविधिक हरु वाह्रै महिना परिचालन गरिने छ । आवश्यक्ता अनुरुप पशु चिकित्सकको व्यवस्था गरिनेछ ।
- तरकारी, मसलाबाली, फलफूल, जडिबुटि तथा पोसिलो घाँसको विऊ एवं विरुवा सुलभ मूल्यमा वितरण गरिनेछ ।

- ठूलो परिमाणमा कृषि तथा पशुपालन सम्वन्धी ब्यवसायीक फर्म स्थापना गर्न चाहने ब्यक्तिहरुलाई जमीनको ब्यवस्था तथा यन्त्र उपकरण प्राप्तिमा सहजीकरण गरिने छ ।
- कृषिको लागत मुल्य घटाइ कृषकलाई ब्यवसायीकता तर्फ आर्कसित गर्न विभिन्न कार्यक्रम सञ्चालन गरिनेछ ।
- खाली जमिनको उपयोग गरि कृषकको आम्दानीमा वृद्धि गर्न विविध कार्यक्रम सञ्चालन गरिनेछ ।
- गाउँपालिका भित्र रहेको खाली सार्वजनिक जमिनलाई उपयोग गरि जमिनको प्रकृति अनुरुपका उत्पादन गर्न ब्यत्ति वा समूहलाई निश्चित भाडामा जमिन उपलब्ध गराइनेछ

  - हानीकारक किटनाशक औषधीको अत्याधिक प्रयोग गरी कृषि उत्पादन गरिने वर्तमान प्रवृतिलाई निरुत्साहित गरी यसका लागि समूहमा अर्गानिक खेति गर्ने किसान समुह, सहकारीलाई जैविक मल बनाउने तालिम, विउमा अनुदान एवं अर्गानिक उत्पादनको पहिचान सहित बजारीकरणमा सहयोग गरिनेछ ।
  - सिंचाईका लागि नहर एवं कुलोहरुको मर्मत संभार गर्ने कार्यलाई बजेट व्यवस्था गरिनेछ ।
  - जडिबुटीको व्यावसायिक खेतीको विकास र विस्तारको लागि कृषक समुह, जडीबुटी सहकारी संस्थालाई आवश्यक सहयोग गरिनेछ ।

- व्यवसायिक पशुपालनलाई जोड दिइने छ ।
- एक वडा एक प्राविधिकको व्यवस्था गरिनेछ ।

<u>शिक्षा तर्फ :</u>

- विद्यालयहरुको बिषयगत नतिजा सुधार गर्न शिक्षकहरुलाई Subject Teaching methods Training को व्यबस्था मिलाइनेछ ।
- आफ्नो बिषयमा राम्रो रिजल्ट ल्याउने विषयगत शिक्षकहरुलाई पुरस्कारका साथै निश्चित प्रोत्साहनको व्यवस्था गरिनेछ ।
- प्राबिधिक शिक्षा अध्ययन गर्न चाहने बिद्यार्थीहरुलाई उचित वातावरणको व्यवस्था गरिनेछ ।
- विभिन्न संघसंस्था र आयोजनाहरुको सहयोगमा गाउँपालिकामा एउटा एक प्राबिधिक शिक्षालय स्थापना गरिनेछ ।
- विद्यार्थी अत्यन्त न्युन भएका विद्यालयहरुलाई नजिकका विद्यालयहरुमा गाभिनेछ ।
  - प्रत्येक विद्यालयमा अविभावक शिक्षा सम्बन्धी अभिमुखिकरण तालिम दिने,नयाँ व्यवस्थापन समिति गठन गर्ने,अनिवार्य अतिरिक्त कृयाकलाप,प्रत्येक महिनाको अन्तिम दिन समीक्षा वैठक गर्ने,सुझाव पेटिका अनिवार्य राख्ने,विद्यालयमा अनिवार्य रुपमा गुनासो तथा सुचना अधिकारीको व्यवस्था गर्दै जाने नीति लिइनेछ ।
  - प्रत्येक विद्यालयले निश्चत आचारसंहिता (मोबाईल निषेध,अनिवार्य रुपमा पोशाक लगाउने)बनाई लागु गर्ने ।
  - प्रत्येक विद्यालयमा अनिवार्य रुपमा पर्खाल लगाउने,क्यान्टिनको व्यवस्था गर्ने,जङ्कफुड तथा मदिरा निषेध गर्ने व्यवस्था गरिनेछ ।
  - विद्ध्यार्थी संख्याको आधारमा दरबन्दी मिलन गर्ने नीति लिईनेछ ।
  - विद्यालयलाई छात्रामैत्री,अपांगमैत्री,वातावरण मैत्र,वाल मैत्री बनाउने क्रियाकलाप संचालन गर्ने नीति लिईनेछ ।
  - सबै विद्यालयमा अनिवार्य रुपमा शौचालयको व्यवस्था गर्न पहल गरिनेछ ।
  - वलविकास केन्द्रमा कार्यरत शिक्षिकालाई प्रोत्साहन भत्ताको व्यवस्था गरिनेछ ।

- विद्यालयको भौतिक निर्माणमा सहयोग गरी शैक्षिक गुणस्तर सुधार कार्यक्रममा जोड दिइने छ ।
- गाउँपालिकास्तरिय शिक्षा समिति गठन गरी शिक्षा सम्वन्धी कार्यक्रमहरुको समन्वय तथा अनुगमन गरिने छ ।

- शिक्षकहरुको सरुवालाई विद्यालयको अवस्था,विद्यार्थी संख्या,अनुभव तथा कार्यक्षमताका आधारमा व्यवस्थित पारिनेछ ।

<u>पर्यटन तर्फ :</u>

१) पर्यटन गुरुयोजना अनुसारका कार्यक्रमहरु संचालन गर्न पहल गरिनेछ ।

२) यस गाउँपालिकालाई  पर्यटकीय, हरित क्षेत्रको रुपमा विकास गर्ने लक्ष्य लिइएको छ ।

३) यस क्षेत्रको संभावित पर्यटकीय क्षेत्रको प्रचार प्रसार गरिने छ ।

४) पर्यटकीय संभावना बाकेको आश्रमहरु,धामहरु तथा धार्मिक क्षेत्रहरुमा दृश्यावलोकन गर्न महोत्सव,मेला आयोजना गर्ने तथा संभावित क्षेत्रहरुमा भ्युटावर,भ्यू प्वाइन्ट, सामुदायिक वनहरुलाई पर्यटन प्रवर्द्धन होमस्टे र पिकनिक स्पोर्टका लागि बिभिन्न कार्यक्रम मार्फत सञ्चालन गरिने छ ।

५) व्यवसायिक एवं रोजगार मुलक पर्यटन व्यवसायमा जोड दिइने छ ।

६)पर्यटन प्रवर्द्धनको लागि महोत्सव,प्रचार प्रसार अध्ययन भ्रमणको व्यवस्था गरिनेछ ।

७) रुइसेमा आरामदायी रिसोर्ट तथा अन्य मनोरञ्जनात्मक पूर्वाधारका लागि लगानी भित्राइनेछ ।

## स्वास्थ्य तर्फ :

- गाउँपालिका स्तरको अस्पताल स्थापनाका लागि उपयूक्त स्थानको खोजी गरि पूर्वाधार निर्माणका लागि संघीय सरकार समक्ष पहल गरिनेछ ।
- स्वास्थ्य चौकीहरुको व्यवस्थापन नियमावली तर्जुमा गरि अनुगमन व्यवस्था प्रभावकारी बनाइने छ । प्रत्येक स्वास्थ्य चौकीमा प्रयोगशाला (Lab) स्थापना गरिनेछ ।
- गम्भीर रोगको उपचार खर्च अभाव हुन नदिन गाऊँमै वसोबास गर्ने वासिन्दाहरुको लागि *अनिवार्य स्वास्थ्य विमा कार्यक्रम* सञ्चालन गरिनेछ ।
- वर्षमा १ पटक विशेषज्ञ डाक्टरहरु सहित स्वास्थ्य शिविर सञ्चालन गरिने छ ।
- स्थानीय जडिबुटी र आदिवासी ज्ञानलाई प्रबर्द्धन गरी परम्परागत स्वास्थ्य उपचार विधिलाई व्यवस्थित गरिनेछ ।
    - प्रत्येक व्यक्तिले वर्षमा एक पटक स्वास्थ्य परीक्षण गर्ने र रोग पहिचान भएका व्यक्तिको समयमै स्वास्थ्योपचार गराउन सहजिकरण गर्नको लागि आवयक कार्यक्रमहरु तर्जुमा गरिनेछ ।
    - सामाजिक परम्परा अनुसार गरिदै आएको लामो मेला,महोत्सव,भोज भतेर नगरी छोटो दिनको मात्र गर्ने गराउने नीति लिइनेछ ।

- यस क्षेत्रमा आर्युर्वेद औषधालय, प्राकृतिक उपचार पद्धति, योग ध्यान योग शिविर तथा अन्य स्वास्थ्य चौकीहरु, स्वास्थ्य क्लिनीकहरुको विकास, विस्तारमा आवश्यक सहयोग पु¥याइने छ । महिला स्वयंसेविकाहरुलाई प्रोत्साहन स्वरुप रु.२०० प्रति महिना संचार खर्चवापत उपलब्ध गराइनेछ ।
- गाउँघर क्लिनिकलाई बढावा दिने र महिला स्वयंसेविकाको क्षमता विकास लगायतका कार्यक्रमलाई निरन्तरता दिइने छ ।
- वडाहरुमा रहेका स्वास्थ्य चौकीहरुलाई आवश्यक मर्मत सुधार गर्ने तथा आवश्यक दरवन्दीको व्यवस्था गरिनेछ ।
- आमा सुरक्षा कार्यकमलाई सेवामूलक रुपमा अगाडि वढाइनेछ ।
- ५ वर्षमुनिका वच्चाहरुलाई खोप कार्यकम व्यवस्थापन गरिनेछ ।

- क्षयरोग तथा कुष्ठरोगका विरामीहरु पहिचान गरी कार्यक्रममा सहभागी गराइनेछ ।
- भैपरि आउने महामारीको व्यवस्थापन सम्बन्धि(झाडापखाला,टाइफाइड आदि) कार्यक्रम सचालन गरिनेछ ।

- स्वास्थ्यकर्मीहरुका लागि आवश्यकताअनुसार तालिम गोष्ठि संचालन गरिनेछ ।
- पूर्ण सरसफाई घोषणा गर्ने कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

<u>आदिवासी जनजाति,दलित,अल्पसंख्यक तथा समावेशी तर्फ</u> :

- दलित र अल्पसंख्यक समुदायका ब्यक्तिहरुको लागि सामुदायीक संगठनहरुको प्रवर्द्धन र नेतृत्व विकासका कार्यक्रमहरु सञ्चालन गरिनेछ ।
- जेष्ठ नागरीक र अपांग नागरिकहरुलाई सक्रिय जीवन जिउने बातावरण तयार पार्न उपयूक्त सीपमुलक तालिम सञ्चालन गरिनेछ ।
- जातीय छुवाछुत र सामाजिक कुरिति, कुसंस्कार, रुढिवादी अन्धविश्वासको अन्त्य गर्न ***साँस्कृतिक सुधार कार्यक्रम*** सञ्चालन गरिनेछ ।
- आदिवासी जनजाति, दलित, मुस्लिम, पिछडिएको वर्ग एवं महिलाहरुलाई सहयोग पुऱ्याउने कार्यक्रम सञ्चालन गरिने छ ।

<u>महिला तथा वालवालिका अपाङ्गतातर्फ</u> :

- महिलाहरुको क्षमता अभिबृद्धिका लागि विभिन्न सशक्तिकरण कार्यक्रम र आय आर्जनका लागि विभिन्न सिपमूलक कार्यक्रम ल्याइने छ ।
- आदिवासी जनजाति, दलित, मुस्लिम, मधेशि, पिछडिएको वर्ग एवं महिलाहरुलाई सहयोग पुऱ्याउने कार्यक्रम सञ्चालन गरिने छ ।

- संघीय सरकार मार्फत जारी भएको बालमैत्री स्थानीय शासन कार्यविधी अनुरुप बालमैत्री गाउँपालिका निर्माणमा सहयोगी संस्थाहरुसँग समन्वय छलफलगरी कार्यक्रमहरु संचालन गरिनेछ ।

**अपाङ्ग वर्ग तर्फ :**

१) अपाङ्ग वर्गको तथ्याङ्क संकलन गरी अध्यावधिक गरिने छ ।

२) गाउँपालिका भित्रका विविध तालिम प्रदान गरिने छ ।

३) अपागंता भएका व्यक्तिहरुको आयआर्जनमा टेवा पुग्ने खालका कार्यक्रमहरु संचालनमा ल्याइने छ ।

४) सार्बजनिक भवन तथा भौतिक बिकासमा अपांग मैत्री पूर्बाधारलाई महत्व दिइने छ ।

**जेष्ठ नागरिक कार्यक्रम तर्फ :**

१) ६० बर्ष पुगेका दलित जेष्ठ नागरिक तथा ७० बर्ष पुगेका अन्य जेष्ठ नागरिकको बिवरण अध्यवधिक गरी सहज तरिकाले समयमा नै सामाजिक सुरक्षा बितरण गरिने छ ।

२) जेष्ठ नागरिकको लागि सार्बजनीक स्थानमा बस्नको लागि बिश्राम स्थल निर्माण तथा मर्मतको ब्यवस्था गरिने छ ।

३) गाउँपालिका क्षेत्र भित्र रहेको जेष्ठ नागरिकहरुलाई बिशेष कार्यक्रम मार्फत सम्मान गरिनेछ ।

**गरिबी निवारण तथा सुकुम्वासी समस्या समाधान तर्फ :**

१) यस क्षेत्रका गरिब, निमुखा, सुकुम्वासीको तथ्याङ्क अध्यावधिक गरी उनीहरुको आर्थिक, सामाजिक विकासको लागि रोजगारमुलक,शीपमुलक तालिमहरु सञ्चालन गरिने छ ।

२) सार्वजनिक जग्गामा वसेका सुकुम्वासीहरुकोबैकल्पिक व्यवस्था गर्न सम्वन्धित निकायसंग समन्वय गरिने छ । साथै नापी भैसकेका जग्गाहरुको जग्गाधनीपुर्जा उपलब्ध गराउन पहल गरिने छ ।

३) गाउँपालिका भित्र अब्यवस्थित रुपमा बसोबास गरेका नागरिकहरुलाई उचित स्थानमा स्थानान्तरण गर्न पहल गरिनेछ ।

<u>पूर्वाधारतर्फ</u>

- सडक निर्माणलाई उच्च प्राथमिकता दिई बजेट विनियोजन र आयोजना संचालन गरिनेछ ।
- दग्नाम दर्मिजा चिमखोला जोड्ने बाटो निर्माण तथा स्तरोन्नतीलाई प्राथमिकतामा राखी अन्य पूर्वाधारहरुलाई माग र आवश्यकताका आधारमा संचालन गर्दै जाने नीति लिइनेछ ।
- गाउँपालिकाका वडा जोड्ने सडकहरुलाई गाउँपालिकाको मुख्य सडक कोरिडोरका रुपमा विकास गरि आवश्यक मर्मत सम्भार मार्फत वर्षैभरी सञ्चालन गरिनेछ । गाउँपालिका भित्रका अन्य सडक सञ्जाललाई यिनै मुख्य सडकसँग जोडिनेछ र निर्माण कार्यको गुणस्तर सुधार गर्न प्रभावकारी अनुगमन ब्यवस्था मिलाइनेछ ।
- सडकहरुको स्तरोन्नति गर्दा स्थानीय श्रोतसाधन र श्रमको उपयोग हुने र गुणस्तरिय समेत हुने प्रविधिको प्रयोग गरिनेछ ।
  - गाउँपालिका केन्द्रबाट वडा केन्द्रसम्म पुग्ने सुरक्षित र भरपर्दो सडक निर्माण गरिनेछ । गाउँपालिका केन्द्रबाट हरेक वडा केन्द्र सम्म सार्वजनिक यातायातको ब्यवस्था मिलाइनेछ ।
- यसअघि निर्माण भएका खानेपानी परियोजनाहरुको लेखाजोखा अध्ययन गरि पूराना धारा र ट्यांकीहरुको मर्मतका लागि हरेक वडामा वजेट विनियोजन गरिनेछ । खानेपानी नपुगेका वस्तीहरुमा नयाँ आयोजनाहरुको सर्भे गरिनेछ ।
- गाऊँपालिका कार्यालयको व्यवस्थित भवन निर्माण गरिनेछ । साथै गाउँपालिका भित्रका विद्यालय तथा स्वास्थ्य चौकिका भवन निर्माण तथा मर्मत सम्भार गरिनेछ ।

- स्थानीय जनताले विकास निर्माणका आयोजनाहरुको कुल लागत मध्ये १५% सहभागिता (नगद वा श्रमका रुपमा) अनिवार्य रुपमा गर्नुपर्ने व्यवस्था लागु गरिनेछ ।
  - समपूरक र विषेश अनुदानमा संचालन गरिने आयोजनाहरुका लागि आवश्यक वजेट व्यवस्था गरी आयोजना वैंक तयार पारिनेछ ।
  - भौतिक पूर्वाधार तर्फ हाल भएका सडकको स्तरोन्नती एवं विस्तारमा विशेष जोड दिइने छ ।

३) भौतिक पूर्वाधारका महत्वपूर्ण ठूला योजनाहरु (भवन, खानेपानी, ढल, सडक, पुल, तटवन्ध जस्ता) केन्दीय योजनामा समावेश गर्न माग गरी पठाइने छ । यस्ता योजना कार्यान्वयन गर्न सबै पक्षबाट आ–आफ्नो ठाँउबाट सहयोग पुर्‍याउन आब्हान गरिने छ

४) पर्यटन पूर्वाधार तर्फ पहिलो चरणमा संभाव्यता अध्ययन गरिने छ ।

५) सार्वजनिक जग्गा लगायतका सम्पत्तिको संरक्षण सम्बन्धमा कार्यक्रम समावेश गरिने छ

६) गाउँपालिका जोड्ने रिंग रोडको विकास गरी बैकल्पिक मार्ग बिकासलाई दिइने छ ।।

८) गाउँपालिकाको भवन निर्माणका लागि उपलब्ध जग्गा विकासको व्यवस्थापनका लागि आवश्यक कार्यहरु गरिनेछ ।

## वन तथा वातावरण तर्फः

- गाउँपालिका क्षेत्र भित्र रहेका प्राकृतिक सम्पदाहरु (जल, जमिन, बनजङ्गल, ढुङ्गारोडा, खनिज आदि) उपयोग गर्ने गरि निर्माण हुने वा भएका आयोजना तथा उद्योग व्यवसायहरुले अनिबार्य रुपमा पुर्व स्विकृति लिइ दर्ता गर्नुपर्ने नीति अवलम्बन गरिनेछ
- हरेक वडालाई धुवाँमूक्त बनाउन धुवाँरहित सुधारिएको चुल्हो तथा विधुतिय चुल्होको प्रयोगलाई प्रोत्साहित गरिनेछ ।

- गाउँपालिका क्षेत्रभित्र रहेका वन क्षेत्रलाई सामुदायिक वन, कवुलियती वनको रुपमा व्यवस्थित गरिनेछ। नयाँ सामुदायीक वनको दर्ता गरि पुराना सामुदायीक बनको नविकरण गरिनेछ। खाली पाखाहरुलाई कवुलियती वनको रुपमा स्थानीय समुदायलाई जिम्मा लगाइनेछ।
- सडक किनारामा भूक्षयलाई रोकी आर्थिक लाभ समेत लिन अम्रिसोका विरुवाहरु रोपी त्यसको संरक्षण र उपयोग गर्न सम्बन्धित समुदायलाई परिचालन गरिनेछ।
- जग्गा बाँझो राख्ने कार्यलाई निरुत्साहित गर्न खाली जग्गाका सर्वेक्षण र माटो परीक्षण गरी जमिनको प्रकृति अनुसारको भुउपयोग नीति अवलम्बन गरिनेछ।

पहिरो तथा भुक्षयग्रस्त क्षेत्रहरुमा वाँसका विरुवा रोपण गरिने, त्यसको संरक्षण र उपयोग कार्यमा गरिव तथा भूमिहीन किसानहरुलाई जिम्मा दिइनेछ।

## विद्युत्तिकरण तर्फः

- प्रत्येक वडामा विद्युत आपूर्तिका लागि सम्बन्धित निकायमा आवश्यक व्यवस्थाका लागि माग गरिनेछ।

## यूवा / खेलकुद तर्फ :

- गाऊँपालिकास्तरमा उपयुक्त स्थानको खोजि गरि हरेक वडाहरुमा १/१ वटा खेलकुद मैदान निर्माण गरिनेछ।
- यूवाहरुलाई सकारात्मक सोंच र सुनौलो भविश्यको भावना जागृत गराउन क्यारियर निर्माणका लागि पत्रकारीता तालिम तथा उद्यमशीलताका कार्यक्रमहरु सञ्चालन गरिनेछ।
- गाउँपालिका स्तरमा खेलकुदको विकास, विस्तार गरि नियमित खेलकुद आयोजना गर्न खेलकुदको विषयगत क्लवहरु स्थापना गर्न प्रोत्साहित गरिनेछ।
- गाउँपालिकाका यूवा शक्तिहरुलाई आफ्नै भुमिमा बसी योगदान गर्न सक्ने वातावरण तयार गर्न विभिन्न व्यवसाय, रोजगारी सृजना गर्ने तालिम, शिक्षा लगायतका कार्यक्रम विभिन्न स्तरमा अघि वढाईने छ।

- खेलकुद  तर्फ यस क्षेत्रमा संभावना रहेका खेलहरुको विकासका लागि चालु आ.व भित्रै गाउँपालिका खेलकुद विकास समिति गठन गरी उक्त समितिको कार्यक्रम सहितको सिफारिसमा खेलकुदको विकास, अभ्यास, प्रतियोगिता जस्ता कार्यक्रम सवद्ध निकायसँगको समन्वयमा अघि बढाइने छ ।
- सामाजिक विकृतिमा फसेका युवाशक्तिहरुलाई त्यस्ता गतिविधीबाट टाढा राख्न, पुर्नस्थापना गर्ने विभिन्न कार्यक्रममा सहयोगलाई निरन्तरता दिईने छ ।

- गाउँपालिका स्तरमा  औद्योगिक ग्राम स्थापनाका लागि आवश्यक पूर्वाधारको निर्माण गर्न समन्वय गरिनेछ ।
- गाउँपालिका केन्द्रमा वैंकको शाखा र वडाहरुमा बैंकका सेवा केन्द्र सञ्चालनमा बैंकलाई प्रोत्साहित गरिनेछ ।

**वातावरण संरक्षण,घर नक्सा एवं शहरी सुन्दरता तर्फः**

१)  बस्ती बिकास,शहरी योजना तथा भवन निर्माण सम्बन्धी आधारभूत मार्ग दर्शन २०७२ अनुसार घर नक्सा पास सम्वन्धि मापदण्डलाई लागू गरिने छ ।

२)  हरित तथा पूर्ण सरसफाइ युक्त गाउँपालिका अबधारणको मर्म अनुरुप गाउँपालिका हरित वनाउन निर्माण सम्पन्न प्रमाण पत्र लिदा कम्तिमा २ वटा रुख रोपेको हुनु पर्ने व्यवस्था लाई सुरुवात गरिने छ ।

३)  गाउँपालिकाको घर नक्सा,सार्वजनिक वाटो सम्वन्धि मापदण्डलाई शहरी विकास मन्त्रालय र गाउँपालिकाबाट उपलव्ध गराइएको सडकको क्षेत्राधिकार तथा सेड व्याक सम्वन्धी कार्य विधिको मापदण्डका आधारमा यस सम्वन्धी कार्यविधि अनुरुप नक्सा पास गर्ने कार्य अगाडी बढाइने छ ।

४)  जसले फोहोर गर्छ त्यसको ब्यवस्थापन स्वयमले गर्नुपर्छ भन्ने कार्यकम ल्याईने छ ।

५)  वातावरण मैत्री स्थानीय शासन कार्यक्रम मार्फत वातावरण मैत्री वडाहरु घोषणा गर्दै आगामी  बर्षमा यस गाउँपालिकालाई वातावरण मैत्री गाउँपालिकाको रुपमा क्रमशः लगिने छ ।

## बिपद व्यवस्थापन तर्फः

१)  प्राकृतिक प्रकोपका दृष्टिले अत्यन्त जोखिमपूर्ण क्षेत्रमा बिपद व्यवस्थापन गर्न बिपद् व्यवस्थापन कार्यक्रमहरु संचालन गरिनेछ ।

२)  यस क्षेत्रका बिभिन्न ठाउमा हुने नदी कटान भएका क्षेत्रमा स्थानीय जनसहभागितामा तटबन्ध गर्न बिभिन्न सरकारी तथा गैर सरकारी क्षेत्रसग आबश्यक निर्माण सामाग्री उपलब्ध गराउन समन्वय गरीनेछ ।

३)  स्थानीय स्तरको बिपद जोखिम ब्यवस्थापन समितिलाई सक्रिय बनाइने तथा जलबायु अनुकुलन योजनालाई अनुमोदन गरी उक्त योजना अनुसारको योजनाहरु लागु गर्दै लगिने छ ।

## आन्तरिक व्यवस्थापन एवं सेवा प्रवाह तर्फः

- विद्यालय र स्वास्थ्य चौकिको गुणस्तर सुधार गर्न रेखदेख तथा निरिक्षण गरि हरेक महिना गाऊँपालिकाले रिपोर्ट लिइ सेवा तथा गुणस्तरमा नियमित सुधार गरिनेछ ।
- सार्वजनिक सेवा प्रवाहलाई छिटो, छरितो, पारदर्शी, जवाफदेही वनाइनेछ । भ्रष्टचारमा शुन्य सहनसिलताको नीति अबलम्बन गरिनेछ ।
- गाउँपालिकाको विकास कार्यक्रम कार्यान्वयनमा स्थानीय गैरसरकारी संस्था तथा अन्तराष्ट्रिय गैरसरकारी संस्थाहरुलाई आमन्त्रण गरी साझेदारीको लागि अपिल गरिनेछ
- NGO/INGO बाट संचालन गर्ने कार्यक्रमलाई गाउँसभामा अनिवार्य रुपमा पेश गरी गाऊँपालिकाको वार्षिक कार्यक्रम र वजेटको रुपमा मुलप्रवाहीकरण गरिनेछ ।
- वेभसाइट मार्फत गाऊँ सरकारको आम्दानी तथा खर्च चौमासिक रुपमा सार्वजनिक गरिनेछ ।

विकासका वार्षिक योजना निर्माण र कार्यन्वयनमा समुदाय परिचालनका लागि साविकका वडालाई समेटेर टोल सुधार समिति गठन गरि सक्रिय वनाइनेछ ।

- सवै वडाको घरधुरी दर्ता गरि घरधुरी पहिचान  गरिनेछ ।
- एकिकृत तथ्यांक ब्यवस्थापन प्रणाली सुरुवात गरिनेछ । पारिवारिक विवरण (Family Folder) स्थापना गरि, सफ्टवेयर मार्फत वडाहरु बाटै तथ्यांक अद्यावधिक हुने ब्यवस्था शुरु गरिनेछ ।
- उच्च प्रविधिको प्रयोग गर्नुपर्ने र ठूला लागत बाहेकका आयोजनाहरुको कार्यान्वयन उपभोक्ता समिति, सहकारी र सामुदायिक संस्थाहरु मार्फत कार्यान्वयन गरिनेछ । उपभोक्ता समितिहरुलाई प्रभावकारी परिचालन गर्न उपभोक्ता समिति परिचालन कार्यविधि लागु  गरिनेछ ।
- संगठन ब्यवस्थापन सर्भेक्षण कार्य सम्पन्न गरि गाउँपालिकाको जनशक्ति आवश्यकता पहिचान गरिनेछ ।

गाउँपालिका भित्र आवश्यक पर्ने प्राविधिक कर्मचारीको पदपुर्तिका लागि करार प्रणालीको अवलम्बन गरिनेछ ।

१. गाउँकार्यपालिका कार्यालय र सवै वडाकार्यालयहरुलाई उचित व्यवस्थापन गरी सार्वजनिक सेवा प्रवाहमा प्रभावकारिता ल्याइने छ ।

२. प्रशासनिक खर्चलाई गाउँपालिकाको स्वीकृत कार्यविधिवमोजिमको सिमाभित्र राख्न आन्तरिक राजश्व वृद्धी एवं प्रशासनिक खर्च मितव्ययी वनाउन अधिकतम प्रयास गरिने छ ।

३. स्थानीय शान्ती सुरक्षा कायम गर्न एवं सामाजिक विकृती विसंगती विरुद्धका गतिविधीहरु रोक्न सामुदायिक मेलमिलाप सेवा समिति, इलाका प्रहरी चौकी कार्यालयको सहकार्यमा कार्यक्रम संचालन एवं सहयोगका लागि निरन्तरता दिईनेछ ।

४. गाउँपालिकाको डिजिटल नागरिक वडापत्र तयार गरिने छ ।

५.   गाउँपालिकाको आम्दानी खर्च वेभसाइटमार्फत सार्वजनिकिकरण गरिने छ ।

६.   गाउँकार्यपालिकामा सूचना तथा अभिलेख केन्द्र,न्यायिक इजलासको स्थापना गरिनेछ ।

७.  गाउँकार्यपालिका कार्यालयमा रहने विषयगत शाखाहरुलाई साधनश्रोत सम्पन्न पारिनेछ

८. त्रैमासिक रुपमा प्रत्येक वडामा समीक्षा भेला हुनेछ ।

९. गाउपालिका क्षेत्रभित्र एउटै दर कायम गर्नका लागि आ.व.को शुरुमानै कार्यपालिकाले दररेट निर्धारण गरी जारी गर्ने नीति लिइएकोछ ।

१०. गाउँपालिकाको वर्तमान अवस्था जनाउने अडियोभिजुयल डकुमेन्ट्री तयार पारीनेछ ।

११.चौमासिक रुपमा सार्वजनिक सुनुवाई,प्रगति समीक्षा कार्यकम संचालन गरिनेछ ।

१२. प्रमुख प्रशासकीय अधिकृतको छुट्टै सचिवालय वनाई सेवा प्रवाहलाई व्यवस्थित गरिनेछ।

<u>सुरक्षा नीति तर्फः</u>

- गाउँपालिका केन्द्रमा प्रहरी चौकीको व्यवस्था गरिनेछ ।साथै वडाहरुमा रहेका प्रहरी चौकीमा साधन श्रोत तथा जनशक्तिको व्यवस्थाका लागि आवश्यक व्यवस्था गर्न पहल गरिनेछ ।

<u>कानुन तथा न्याय व्यवस्थापन तर्फ</u>

- गाउँपालिकामा आएका सवै मुद्धाहरुलाई छिटो र छरितो छिनोफानो हुने व्यवस्था मिलाइनेछ ।
- उपरोक्त नीति तथा कार्यक्रमको कार्यान्वयनका लागि आवश्यक पर्ने ऐन, नियम, निर्देशिका, कार्यविधिहरु तत्काल तर्जुमा गरी लागु गरिनेछ :

गाउँकार्यपालिका तथा वडा कार्यालयमा स्वीकृत दरवन्दीअनुसारका जनशक्तिको व्यवस्था गर्ने र अन्य विषयगत शाखाहरुमा आश्यकता अनुसारले जनशक्ति व्यवस्थापन गर्दै जाने नीति लिइनेछ ।

## गैसस तथा अन्य संघसंस्थाहरु तर्फः

१) विकासको साझेदारको रुपमा निजी क्षेत्र तथा गैरसरकारी संघसंस्थाहरुलाई समन्वयात्मक रुपमा कार्यक्रमहरु संचालन गर्ने नीति लिइनेछ ।

२) कुनै पनि गैससले गाउँपालिका क्षेत्रभित्र कार्यक्रम संचालन गर्नु भन्दा पहिले नै गाउँकार्यपालिका वाट अनुमति लिनुपर्नेछ । साथै गाउँसभामा अनुमोदन गराउने संघसंस्थाहरुलाई कार्यक्रम संचालनका लागि अनुमति दिइनेछ ।

३) अन्य संघ संस्थाहरुवाट प्राप्त प्रस्तावित कार्ययोजना तथा कार्यक्रमहरुलाई आवश्यकता अनुसार गाउँकार्यपालिकावाट निर्णय भएबमोजिम समन्वयात्मक रुपमा अगाडि वढाइनेछ ।

४) गाउँसभामा वार्षिक कार्यक्रम तथा वजेट पेश गर्ने संगम म्याग्दी,मिलन म्याग्दी,सुआहारा कार्यक्रम तथा हिमालय संरक्षण नेपाल नामक संस्थाहरुको कार्यक्रम स्वीकृत गरी यसैको अनुसुचिमा समावेश गरिएको छ ।

## माग गरिने योजनाहरुः

| प्रदेशमा पठाउने योजना |
|---|
| रघुगंगा गा. पा.वडा २ र ३ गौरवको योजना तिल्केनी पिप्लेभगवति रुइसे अर्न्तगत साविकका पिप्ले र भगवतिका सबै वार्डहरुमा संचालनका लागि योजना |
| जौसिखोर सिजलगाउँ,धुपिचौर रुइसे हुदै नौलि वराह ज्याखुरपानी सडक निर्माण |
| वेगखोला भगवती मैदान हुदै मौवाफाँट सडक निर्माण |

| |
|---|
| जोर्तिपिपल वाहुन चौर हुदै वडा कार्यलय सम्म मोटर बाटो निर्माण |
| साविक पिप्लेको मौवाफाँट चोक देखि भगवती मैदान वेगखोला सडक कालोपत्रे गर्ने योजना |
| रघुगंगा २ भगवतीमा मुक्तिधाम मा.वि को मातहतमा रहने गरी १प्रविधिक शिक्षलय मागका लागि अनुरोध गर्ने |
| साविक भगवती दलित वस्तीमा गोरेटोबाटो निर्माण |
| शान्ती चौर देउराली सडक निर्माण |
| धह गरेखोला पहिरो नियन्त्रण तथा धहपहरा मुनी वस्ती संरक्षण |

वडा भेलावाट माग भई आएका गाउँपालिका विकास योजनावाट पुरा गर्न संभव नदेखिएका महत्वपूर्ण योजनाहरु, सडक भूसंरक्षण लगायतका, प्रकोपनियन्त्रणका कार्यक्रमहरु, तटबन्धन गर्ने लगायत आवश्यक पुल, बाटो, खानेपानी तथा सरसफाइ, सिंचाइ, पर्यटन, कृषि, स्वास्थ्य जस्ता महत्वपूर्ण योजनाहरु केन्द्रीय योजनामा समावेश गर्न आयोजना प्रस्तावअनुसार संघीय सरकारमा अनुरोध गरिने छ ।

## २.५ अनुमानित आय तथा व्यय व्यवस्थापन

अव चालु आ.व.२०७४/०७५को जेठ मसान्तसम्मको आय व्यय विवरण:

क)आयतर्फः चालु आ.व.को जेठ मसान्तसम्म आन्तरिक श्रोततर्फ रु.११ लाख र संघीय सरकारवाट प्राप्त अनुदान रु.२५करोड ५८ लाख ३६ हजार गरी जम्मा २५ करोड ६९ लाख ३६ हजार आय भएको छ ।

ख) व्यय तर्फः चालु आर्थिक वर्षको जेठ मसान्तसम्म प्रशासनिक खर्चतर्फ रु.१२करोड ३२ लाख ६० हजार ६ सय ४२ र विकास खर्चतर्फ रु.६ करोड २५ लाख ९६ हजार १ सय ३९ गरी करिव रु.१८ करोड ५८ लाख ५६ हजार ७ सय ८१ व्यय भएको छ ।

त्यसैगरी अब म आर्थिक वर्ष २०७५।०७६ का लागि वार्षिक गाउँ विकास योजना तर्जुमा गर्ने क्रममा अख्तियार गरिएका लक्ष्य,उद्धेश्य तथा नीतिको आधारमा तयार गरिएको

वजेट,नीति तथा कार्यक्रम कार्यान्वयनको लागि निम्न अनुसार आयव्यय अनुमान प्रस्तुत गर्न चाहान्छु ।

क) <u>आय अनुमानः</u>

आ.व. ०७५।०७६को लागि **कुल रु २५ करोड ७२ लाख २ हजार ९ सय ८१** को आय हुने अनुमान गरिएको छ । जसमध्ये आन्तरिक श्रोतवाट रु.३१ लाख रहेको छ,। संघीय सरकारवाट राजस्व वाडँफाँड अनुदान तर्फ रु.५ करोड ७८ लाख ५९ हजार,वित्तिय समानीकरण अनुदान रु.६ करोड ५१ लाख, शसर्त अनुदान तर्फ रु.११ करोड ७३ लाख गरी संघीय सरकारवाट प्राप्त जम्मा रु२४ करोड २ लाख ५९ हजार तथा प्रदेश नं.४ सरकारवाट प्राप्त राजस्व वाँडफाँडवाट प्राप्त रु.२७ लाख ०४हजार ९ सय ८१ र वित्तिय समानीकरण अनुदानवाट प्राप्त रु.१करोड११ लाख ३९ हजार गरी प्रदेशवाट प्राप्त जम्मा रु.१करोड ३८ लाख ४३ हजार ९ सय ८१ रहेको छ । यसरी आन्तरिक आय,संघीय सरकारवाट प्राप्त रकम र प्रदेश सरकारवाट प्राप्त रकम समेत गरी कुल **रु.२५ करोड७२ लाख २ हजार ९ सय ८१** रहेको छ । यसमा जनसहभागिता(श्रमदान) वापत रु १करोड हुने अनुमान गरेको छु । चालु आ.व.को अन्तमा संचित कोषमा रहन जाने जम्मा रकमलाई यसमा समावेश गरिएको छैन जुन रकम गाउँपालिकाको आम्दानीको रुपमा लिई गाउँपालिकाको विषेश गाउँसभाको निर्णयअनुसार विभिन्न योजना तथा कार्यक्रहरुमा खर्च विनियोजन गर्ने व्यवस्था मिलाएको छु ।

ख) <u>व्यय अनुमानः</u>

आ.व. ०७५।०७६ को लागि आय हुने गरी प्रक्षेपण **कुल रु २५ करोड ७२ लाख २ हजार ९ सय ८१** को विनियोजन प्रस्ताव गर्दा क्षेत्रगत विनियोजन प्रणालीमा सन्तुलन कायम हुने गरी विनियोजन गरिएको छ । मुख्य गरी आर्थिक विकास,सामाजिक विकास,पूर्वाधार विकास,वातावरण तथा विपद व्यवस्थापन, संस्थागत विकास र सेवा प्रवाह,वित्तिय व्यवस्थापन र सुशासन तथा कार्यसंचालन र प्रशासनिक खर्च गरी ७ वटा क्षेत्रहरुमा,वस्ती एवं टोलस्तर हुदै वडा समिति कार्यालयवाट प्राथमिकता निर्धारण भई आएका सबै कार्यक्रमहरु मध्ये श्रोत र साधनहरुको उपलब्धता, कार्यक्रमहरुको प्रकृति, आवश्यकता, औचित्यता,लाभान्वित हुने वर्ग,क्षेत्र र समुदायको विश्लेषण गरी समावेश गर्ने कार्य गरिएको छ जसमा आनतरिक श्रोत,संघीय तथा प्रदेश सरकारवाट प्राप्त वित्तिय समानीकरण अनुदान, राजस्व वाडफाड अनुदान र शसर्त अनुदान रकमवाट प्राप्त एकमुष्ठ रकमवाट विनियोजन

प्रस्ताव तयार पारिएको छ भने सशर्त अनुदानतर्फ प्राप्त निर्दिष्ठ कार्यक्रमहरुको रकमलाई तोकिएक अनुसार चालु अर्च र पुजिगत खर्चतर्फ समावेश गरिएको छ।

माथि उल्लेखित पृष्ठभूमिमा आ.व. ०७५।०७६को लागि **कुल रु २५ करोड ७२ लाख २ हजार ९ सय ८१** को व्यय हुने अनुमान गरिएको छ । जस मध्ये कर्मचारी तलव भत्ता,जनप्रतिनिधि तलव भत्ता, वैठक भत्ता तथा अन्य सुविधा, सवारी साधन संचालन तथा मर्मत संभार खर्च, सेवा महशुल,अनुमगन मुल्यांकन खर्च,विविध खर्च,कार्यालयको भाडा खर्च,कार्यालय संचालन सम्बन्धि खर्च,मर्मत,विभिन्न सिपमूलक तालिम गोष्ठि सेमिनार तथा कार्यक्रम खर्च,परामर्श तथा अन्य सेवा शुल्क जस्ता चालु खर्चको लागि चालु खर्च शिर्षकमा **कुल ६ करोड ९१ लाख ७१ हजार** विनियोजन गरिएको छ,जुन रकम कुल बजेटको २६.८९ प्रतिशत हुन आउछ । त्यसैगरी सवारी साधन खरिद,फर्निचर खरिद,मेशिनरी औजार खरिद लगायत सार्वजनिक निर्माण क्षेत्रको खर्च एवं पुजिगत अनुसन्धान तथा परामर्श खर्चको लागि पूजिगत खर्च शिर्षकमा कुल **रु.७ करोड ०७ लाख ३१ हजार ९ सय ८१** विनियोजन गरिएको छ, जुन रकम कुल वजेटको २७.५० प्रतिशत हुन आउछ । माथि उल्लेखित कुल आय व्यय विवरणमा सामाजिक सुरक्षा तर्फको रकम समावेश गरिएको छैन । साथै उल्लेखित कार्यक्रमहरु,करका दरहरु, वित्तिय व्यवस्था, वार्षिक विकास कार्यक्रमहरु तथा कार्यान्वयन कार्ययोजना सम्बन्धि विवरणहरु यसैसाथ अनुसूचिमा समावेश गरिएको छ।

## ३.६ मुख्य मुख्य आयोजना र क्रियाकलापहरु

**वित्तिय समानीकरण अनुदानको पूजिगत वजेट अर्न्तगतका मुख्य मुख्य वार्षिक आयोजनाहरु तथा कार्यक्रमहरुः**

संघीय तथा प्रदेश सरकारवाट प्राप्त वित्तिय समानीकरण अनुदान र आन्तरिक श्रोत समेतवाट खर्च गर्ने गरी पूजिगत खर्च अन्तर्गत गाउँपालिकाको जग्गा विकास तर्फ रु.३७ लाख,भगवति र पाखापानीमा तालिम केन्द्र निर्माणका लागि रु.३३ लाख,फर्निचर फिक्चर्सका लागि रु.४५ लाख,सवारी साधन खरिद तर्फ रु ७५ लाख,मेशिनरी खरिदका लागि रु.२५ लाख र अन्य पूजिगत खर्चतर्फ रु.३० लाख विनियोजन प्रस्ताव गरेको छु । साथै सवै वडाहरुमा लक्षित वर्गका लागि ४/४ लाखका दरले रु.३२ लाख विनियोजन गरिएको छ ।

त्यसैगरी गाउँपालिकाका वडाहरुमा विभिन्न आयोजनाहरु तथा कार्यक्रमहरु संचालनका लागि रु ४ करोड २२ लाख  विनियोजन गरेको छ । गाउँकार्यपालिका कार्यालय तथा सवै वडा कार्यालयहरुका तालिम गोष्ठि,अनुदान सहायता तथा अन्य अनुदान वाहेक कार्यसंचालन तथा प्रशासनिक खर्चका लागि रु ६ करोड ३९ लाख ३६ हजार प्रस्ताव गरेको छ । यस सम्बन्धि आय,व्यय,क्षेत्रगत व्यय अनुमान तथा क्रियाकलापगत व्यय अनुमान विवरण यसैसाथ अनुसुचिमा राखिएको छ ।

आ.व.२०७५।०७६का लागि राजस्वका नीतिहरु:

अव म आ.व.२०७५/०७६का लागि प्रस्तावित राजस्वका नीतिहरु प्रस्तुत गर्ने अनुमति चाहान्छु ।

१) आन्तरिक आयश्रोत वृद्धिका लागि थप श्रोत परिचालनको आवश्यकता छ । गाउँपालिकाको अधिकारक्षेत्रभित्रका कर तथा गैरकरको परिचालनवाट थप श्रोत प्राप्त हुने योजना वनाइने छ ।

२) गाउँपालिकाको राजस्वको क्षेत्र पहिचान गरी लगत तयार एवं अद्यावधिक गरिनेछ । लगानी प्रोत्साहित हुने गरी करको आधार,दायरा र दर निर्धारण गरिनेछ ।

३) वडा कार्यालयहरुको समन्वय र सहकार्यमा राजस्वका संभाव्य श्रोतहरुको परिचालन गरिनेछ ।

४) गाउँपालिकाका अधिकार क्षेत्रभित्रका दायरा वढाई कर संकलन गरिनेछ भने प्रदेशसगको साझा अधिकार सूचिका विषयमा प्रदेशसगको समन्वय र सहकार्यमा संकलनको व्यवस्था गरिनेछ ।

५) गाउँपालिका र प्रदेशको साझा सूचिमा रहेका ढुङ्गा,रोडा,गिटी,वालुवा,चुन,खरी खानी लगायतका श्रोतहरुमा प्रदेशले निर्धारण गरेको शुल्कका आधारमा राजस्व संकलन गरिनेछ ।

६) गाउँपालिकाभित्र आफुले निर्णय गरेका पर्यटन व्यवसाय,पर्यटकीय स्थल,क्रियाकलाप तथा सार्वजनिक सडक क्षेत्र,पार्किङ स्थल,मनोरञ्जन स्थलका लागि अभियानको रुपमा कर संकलनको व्यवस्था गरिनेछ ।

७) गाउँपालिका भित्रका व्यापारिक र व्यावसायिक प्रकृतिका मनोरञ्जनका महोत्सव,उत्सव तथा मेला आदिमा मनोरञ्जन करको व्यवस्था गरिनेछ ।

८) कर संकलन कार्यलाई सुरक्षित,व्यवस्थित,प्रभावकारी,पारदर्शी र करदातामैत्री वनाउने आधुनिक प्रविधिको प्रयोगमा जोड दिइनेछ ।

९) गाउँपालिकाभित्रमा एकीकृत सम्पत्ति कर संकलनका लागि २०७५ साल साउन १ गतेदेखि आवश्यक प्रक्रियाको व्यवस्था गरिनेछ ।

१०) करसम्बन्धि प्रस्ताव आर्थिक विधेयक २०७५ यसैसाथ प्रस्तुत छ । करसम्बन्धि प्रस्ताव सम्वत् ०७५ साउन १ गतेवाट प्रारम्भ हुनेगरी व्यवस्था मिलाइएको छ ।

## खण्ड ३ अनुसूचिहरु

अनुसूचि १ आय व्ययको विवरण

अनुसूचि २ राजस्व तथा अनुदान प्राप्तिको अनुमान

अनुसूचि ३  व्यय अनुमान

अनुसूचि ४ क्षेत्रगत व्यय अनुमान

अनुसूचि ५ क्रियाकलापगत व्यय अनुमान

अनुसूचि ६ वार्षिक कार्यक्रम कार्यान्वयन योजना

अनुसूचि ७ गैससका कार्यक्रमहरुको विवरण